# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २ गते २०३२ साल

### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको सूचना

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले पञ्चायतको विभिन्न तहमा उम्मेदवार हुनको लागि अन्य प्रचलित कानूनमा लेखिएको योग्यताको अतिरिक्त देहाय बमोजिम आवश्यक योग्यता निर्धारण गरेको छः–

१. गाउँ वा नगर सभाको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यताः–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था-प्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने, र

(ङ) भ्रष्ट आचरण नभएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. गाउँ वा नगर पञ्चायतको सदस्य तथा नगर पञ्चायतबाट जिल्ला पञ्चायतमा जाने सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यताः–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था-प्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन स

(ङ) भ्रष्ट आचरण नभएको,

(च) आफ्नो गाउँ वा नगरको वस्तुस्थितिसंग परिचित,

(छ) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,

(ज) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(झ) क्षेत्रीय, साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हीनामिना नगरेको,

(ट) सामाजिक कुरीति र गुटबन्दीको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएको,

(ठ) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायत, गाउँ पञ्चायत, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एकको सदस्य भई काम गरेको।

३. जिल्ला पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आव योग्यताः–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था-प्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,

(छ) आफ्नो जिल्लाको वस्तुस्थितिसंग परिचित हुनुको साथै जिल्लास्तरीय दृष्टिकोण राख्न सक्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

(ज) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(झ) क्षेत्रीय, साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ञ) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हीनामिना नगरेको,

(ट) सामाजिक कुरीति र गुटबन्दीको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएको,

(ठ) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत, गाउँ पञ्चायत वा नगर पञ्चायत वा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एकको प्रारम्भिक कार्य समितिको वा सोदेखि माथिल्लो तहको सदस्य भै काम गरेको ।

४. राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुनको लागि आवश्यक योग्यता:–

(क) राजसंस्थाप्रति पूर्णतया वफादार,

(ख) श्री ५ को सक्रिय नेतृत्वमा आधारित दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रति पूर्ण आस्था राख्ने,

(ग) निर्दलीय व्यवस्था अनुरूप राजनीतिक आचरण भएको,

(घ) स्थानीय क्षेत्रमा सामूहिक हितको निमित्त विकास कार्यमा योगदान दिन सक्ने,

(ङ) भ्रष्ट आचरण नभएको,

(च) स्थानीय जनशक्तिलाई परिचालन गर्न सक्ने क्षमता भएको,

(छ) आफ्नो अञ्चलको वस्तुस्थितिसंग परिचित हुनुको साथै राष्ट्रिय दृष्टिकोण राख्न सक्ने,

(ज) व्यवस्थाप्रति सैद्धान्तिक दृढताको परिचय दिँदै आएको,

(झ) अरू सदस्यको विचार बुझी सबैसंग मेलमिलाप राखी काम गर्न सक्ने,

(ञ) क्षेत्रीय, साम्प्रदायिक वा अन्य संकुचित स्वार्थबाट प्रभावित नभै सामूहिक हितलाई दृष्टिगत गरी काम गर्न सक्ने,

(ट) विकास अनुदानको रकम वा अन्य सार्वजनिक रकमलाई निजी प्रयोगमा ल्याई वा अन्य प्रकारबाट हीनामिना नगरेको,

(ठ) सामाजिक कुरीति र गुटबन्दीको विरोधमा जनमत तयार गर्न सक्ने क्षमता भएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) गाउँफर्क राष्ट्रिय अभियान समिति, राष्ट्रिय पञ्चायत, जिल्ला पञ्चायत वा जिल्ला सभाको सदस्य वा प्रधान पञ्च वा उप-प्रधान पञ्च वा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन तथा नेपाल भूतपूर्व सैनिक संगठनमध्ये कुनै एकको जिल्ला कार्य समिति वा सोदेखि माथिल्लो तहको सदस्य वा औद्योगिक मजदूर वा यातायात मजदूर केन्द्रीय कार्य समिति वा सोदेखि माथिल्लो तहको सदस्य भै काम गरेको ।

स्पष्टीकरण:– व्यवस्थाको हितलाई विचार गर्दा उम्मेदवारी अनुमोदन गर्न उपयुक्त हुने भनी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्णय गरेको व्यक्तिको हकमा माथि निर्धारित योग्यताहरूमध्ये प्रकरण २ र ३ को खण्ड (ठ) तथा प्रकरण ४ को खण्ड (ड) मा उल्लिखित योग्यता अनिवार्य हुने छैन ।

आज्ञाले–
डा. मोहम्मद मोहसिन
सदस्य-सचिव
गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति

मुद्रण विभाग

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३४